**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल**
**माननीय न्यायाधीश श्री टेकप्रसाद ढुङ्गाना**
**आदेश**
०७७-WO-०४२८
**विषयः-उत्प्रेषण परमादेश।**

मानव जागरण अभियान नेपालका तर्फबाट अधिकार प्राप्त तथा आफ्नो हकमा समेत जिल्ला रुपन्देही बुटवल उपमहानगरपालिका वडा नं. ३ घर भई हाल ललितपुर बस्ने नरबहादुर विश्वकर्मा (जर्ज एभरेष्ट) ----------------------१ निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं ----------१
गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं ------------------------------------१
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं-------१ प्रत्यर्थी
संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं ----१
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं ----------------१

नेपालको संविधानको धारा ४६ र १३३ (२)(३) बमोजिम यस अदालतको असाधारण अधिकारक्षेत्र अन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवम् आदेश यस प्रकार रहेको छ।

**संक्षिप्त तथ्य**

१. म निवेदक मानव जागरण अभियान नेपाल संस्थाको महासचिवको रूपमा क्रियाशील छु। यो संस्था जिल्ला प्रशासन कार्यालयमा दर्ता भै जातीय भेदभाविहिन समाजको निर्माणका लागि निरन्तर क्रियाशील रहेको छ। जातीय भेदभाव मानवीय प्रतिष्ठा एवम् सम्मानका लागि घातक रहेको छ भन्ने यस संस्थाको मूल ठम्याई छ। जातीय भेदभाव, अहंकार एवम् जातीय घृणा कुनै पनि समाजको स्थायित्व तथा प्रगतिको लागि घातक छ भन्ने कुरा इतिहासले प्रमाणित गरिसकेको छ भन्ने तथ्यमा यस संस्थाको गम्भीर विश्वास रहेको छ। आफूलाई व्यक्तिले कुन

नाम वा थरले परिचित गराउन चाहन्छ यो व्यक्ति वा नागरिकको व्यक्तिगत स्वतन्त्रताको कुरा हो। हरेक व्यक्तिलाई चयनको स्वत्रन्त्रता प्राप्त छ एवम् राज्य वा समाजले कुनै खास किसिमको पहिचान वा नाम थरलाई ग्रहण गर्न कुनै पनि व्यक्तिलाई बाध्य गर्न सक्दैन। समतामूलक समाजको निर्माणका लागि भेदभावमा आधारित जातीय प्रथाको अन्त्य हुनु जरूरी छ। नेपाली समाजमा व्यापक रूपमा जातीय आधारमा भेदभाव गरिएको नेपाली जनसंख्याको धेरै ठुलो हिस्सा शताब्दियौंदेखि जातीय भेदभाव हिंसा एवम् जातीय अपमानको शिकार तुल्याइएको छ। कुनै पनि किसिमको जातीय भेदभाव, अपमान वा हिंसा मानव सभ्यता एवम् लोकतन्त्रमाथि कलंक हो। यो कुनै पनि अवस्थामा स्वीकारयोग्य छैन। यस संस्थाले जातीय भेदभावलाई अन्त्य गर्न परम्परागत जातीय पहिचानलाई त्याग्दै आफूले रोजेको नाम एवं थर ग्रहण गर्ने अभियानमा संलग्न छ। जातीय पहिचानमा आधारित आफूले रोजेको नाम एवम् थर स्वयम भेदभाव वा जातीय अपमानको कारकको रूपमा रहेको छ। जातीय भेदका कुनै पनि रुप तथा प्रकारहरु मानव जीवन तथा समाजका लागि पूर्णरूपमा हानिकारक छन् । जातीय भेद तथा अपमानलाई निर्मूलन गर्नु यसका लागि हर सम्भव उपायहरु अवलम्बन गर्नु हरेक सभ्य तथा लोकतान्त्रिक राज्यको आधारभूत कर्तव्य हो । नेपालको सामाजिक संरचना जातीयतामा आधारित छ । नेपाली समाजको जातीय विभाजनले जातीय भेदभावलाई जन्म दिएको छ । नेपालमा जन्म दर्तादिखि, विद्यालय भर्ना एवं नागरिकता प्रमाणपत्रसम्म प्राप्त गर्नका लागि जातीय पहिचान सूचक शब्द प्रयोग गर्नु पर्ने बाध्यता गरिएको छ । यो जातीय पहिचान सूचक शब्द आफैंमा जातीय भेदभावलाई बढावा दिने एवं निरन्तरता प्रदान गर्दै परिणाममा जातीय भेदभावलाई संस्थागत गर्दै लैजाने प्रकारको छ । तसर्थ एउटा समतामूलक तथा जातीय भेदभावविहिन समाजको निर्माणका लागि जाति प्रथाको संस्थागत विकासको प्रक्रियालाई रोक्नु पर्ने देखिन्छ । समानताको अधिकारलाई साँचो अर्थमा यथार्थमा रूपान्तरित गर्न राज्यले सक्रिय रूपमा भेदभावका सबै स्वरूप र प्रकारलाई निर्मूल गरी सारभूत समानता सुनिश्चित गर्न सक्नुपर्छ । औपचारिक समानताले मात्र वास्तविक समानता कायम गर्न सक्दैन। तसर्थ वास्तविक समानताको सुनिश्चितताको लागि राज्यले व्यापक रूपमा सकारात्मक उपायहरु अवलम्बन गर्नु हुन्छ । तर यस संवैधानिक बन्दोबस्तको विपरित गरिएका विपक्षीहरुको सम्पूर्ण कामकारवाहीहरु बदरभागी छ ।

२. यसै सम्बन्धमा म रिट निवेदकले मिति २०७१।०१।१८ गते जिल्ला प्रशासन कार्यालय मार्फत गृह मन्त्रालयमा मेरो नाम नर बहादुरको पछाडी बिश्वकर्मा थर झुण्डाउनुपर्ने बाध्यात्मक व्यवस्था मेरो सम्मानजनक रूपमा बाच्न पाउने अधिकारमा हनन भएकोले मैले आफूले रोजेको स्वतन्त्र नाम थरमा पुनः नागरिकता जारी गरिपाउँ, एवम् मेरी श्रीमतीले सुनिता बिश्वकर्मा तथा मेरा छोरी छोराको बुटवल उपमहानगरपालिका वडा नं. ३ स्थानीय पन्जाधिकारीको कार्यालयबाट जन्म दर्ताको प्रमाण जारी भएकोले नाबालक छोरी जमिमा जोर्ज र छोरा जेकब जोजका नाममा बाबुको नाम थर जर्ज एभरेष्ट (नरबहादुर र आमाको नाम

एलिशा एभरेष्ट (सुनिता) कायम गरी नाबालक परिचयपत्र उपलब्ध गराई पाउँ भनी जिल्ला प्रशासन कार्यालय रुपन्देहीमा निवेदन पेश गरेको र सो सम्बन्धमा रुपन्देही जिल्ला प्रशासनले मिति २०७५।०४।१५ गते गृह मन्त्रालय म निवेदकको मागबमोजिम आफूले रोजेको नाम थर कायम गरी नाबालक परिचयपत्र जारी गर्न मिल्ने नमिल्ने सम्बन्धमा आवश्यक निर्देशनका लागि पत्राचार गरिएकोमा नेपाल सरकार गृह मन्त्रालयबाट मिति ०७६।०३।०३ गते सचिव स्तरीय निर्णय गरी सो जारी गर्न नमिल्ने भनी निर्णय गरिएको छ। सो निर्णयको आधारमा मिति २०७६।०३।०४ गते गृह मन्त्रालयबाट जारी गरिएको पत्रमा भनिएको छ तपाईले मिति २०७६।०२।२८ मा पेश गरेका जातविहिन स्वतन्त्र नाम थरबाट नागरिकता दिलाई पाउँ भन्ने विषयको निवेदन सम्बन्धमा कारवाही हुँदा तपाइले जिल्ला प्रशासन कार्यालय रुपन्देहीबाट ना.प्रा.न. १८३५० मिति २०४६।०५।०८ मा नरबहादुर बिश्वकर्मा नामबाट नागरिकता लिइसकेको देखिएकोले स्वतन्त्र नामबाट नागरिकता प्रतिलिपि जारी गर्ने सम्बन्धमा मौजुदा कानूनी व्यवस्था नरहेकोले सोहि व्यहोरा निवेदकलाई जानकारी दिने भनी मिति २०७६।०३।०३ मा (सचिवस्तरीय) निर्णय भएको व्यहोरा जानकारीको लागि अनुरोध छ भनी जनाइएको छ। यस किसिमको निर्णयले सदियौं देखि कायम रहेको भेदभावलाई निरन्तरता प्रदान गरेको छ।

३. मिति २०७६।०३।०३ को सचिवस्तरीय निर्णय र सोको आधारमा मिति २०७६।०३।०४ गतेको पत्र प्रथम दृष्टिमा नै गैरकानूनी भएको एवम् संविधानको धारा १६,१८ द्वारा प्रत्याभूत मौलिक हक तथा नेपाल पक्ष रहेको तमाम अन्तर्राष्ट्रिय महासन्धी एवम् सम्झौताको प्रतिकूल रहेकोले सो सचिवस्तरीय निर्णय तथा सो निर्णयबाट निसृत पत्र एवम् सबै कामकारवाहीहरु उत्प्रेषणको आदेश द्वारा बदर गरी म निवेदक तथा मेरी श्रीमती सुनिता विश्वकर्मा रोजेको नाम थरबाट पुनः नागरिकता जारी गर्नु एवम् मेरा छोरा छोरीहरुलाई हामीले रोजेको नामथरको आधारमा नाबालक परिचयपत्र जारी गर्नु तथा हरेक नेपाली नागरिकहरुलाई आफ्नो नाम वा थर अपमानजनक लागेमा आफूले रोजेको नाम थरको आधारमा नागरिकता प्रमाणपत्र जारी गर्नु गराउनु भनी विपक्षीहरुका नाममा परमादेशको आदेश जारी गरिपाउँ भन्ने समेत व्यहोराको **निवेदक नर बहादुर विश्वकर्मा (जोर्ज) को यस अदालतमा पेस भएको निवेदनपत्र।**

४. यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने मनासिव आधार, कारण र प्रमाण भए सो समेत खुलाई सूचना म्याद प्राप्त भएको मितिले बाटाको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेश गर्नु भनी विपक्षीहरूका नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नू । प्रस्तुत रिट निवेदनमा उल्लेखित विषय वस्तुको प्रकृति हेर्दा छिटो किनारा हुन उपयुक्त देखिएकोले सर्वोच्च अदालत

नियमावली, २०७४ को नियम ७३ (१) बमोजिम अग्राधिकार प्रदान गरिदिएको छ। नियमानुसार गर्नू भन्ने **यस अदालतबाट मिति २०७७।०८।२३ मा भएको आदेश ।**

५. नागरिकताको आधारमा नै व्यक्तिको आपराधिक क्रियाकलाप लगायत अन्य महत्त्वपूर्ण सरकारी कागजात र अभिलेखहरू तयार पारिने हुँदा सानातिना प्राविधिक त्रुटि बाहेक नागरिकतामा उल्लेखित विवरण पटक-पटक संशोधन गर्न मिल्दैन। निवेदकले पहिले नै 'नरबहादुर विश्वकर्मा' को नामबाट नागरिकता लिइसकेको र हालको प्रचलित कानूनमा आफ्नो इच्छा अनुसारको "स्वतन्त्र नाम" बाट पुनः नागरिकता जारी गर्ने कुनै व्यवस्था रहेको छैन। जातीय व्यवस्थालाई मानव सभ्यता र संस्कृतिको गहनाको रूपमा स्वीकार गरिएको र राज्यले जाति वा थरको आधारमा भेदभाव नगर्ने (छुवाछूत विरुद्धको हक) प्रत्याभूत गरेको भए तापनि थर नै परिवर्तन गर्न पाउनु पर्ने दावी कानूनसम्मत नभएकोले गृह मन्त्रालयको मिति २०७६।०३।०३ को सचिवस्तरीय निर्णय र सोही आधारमा गरिएका कामकारबाहीहरू कानूनको रीत पुऱ्याएर गरिएको हुँदा ती निर्णयहरू गैरकानूनी वा स्वेच्छाचारी नभएको हुँदा निवेदकको माग ठोस कानूनी आधार र प्रमाण विनाको देखिएकोले उक्त "निरर्थक" रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको **प्रत्यर्थी नेपाल सरकार, गृह मन्त्रालयको तर्फबाट यस अदालतमा पेस भएको लिखित जवाफ ।**

६. प्रस्तुत रिट निवेदनमा यस मन्त्रालयको कुन कामकारबाही वा निर्णयबाट निवेदकको के-कस्तो कानूनी वा संवैधानिक हकमा आघात पुगेको हो भन्ने कुराको कुनै ठोस आधार र कारण खुलाउन नसकेको हुँदा प्रथम दृष्टिमा नै यो निवेदन खारेजभागी छ। नेपालको संविधानको धारा १० देखि १५ सम्म तथा नागरिकता ऐन र नियमावली, २०६३ ले नागरिकता सम्बन्धी स्पष्ट व्यवस्था गरेको र धारा १८ तथा २४ ले समानता एवं छुवाछूत विरुद्धको हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ। साथै, जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ ले विभेदजन्य कार्यलाई दण्डनीय बनाई पीडितलाई क्षतिपूर्तिको व्यवस्था समेत गरेको परिप्रेक्ष्यमा कानूनको कार्यान्वयनमा विभेद हुने अवस्था छैन। नागरिकता र नाबालक परिचयपत्र व्यक्तिको वैधानिक एवं स्थायी पहिचान हुनुका साथै राज्य र नागरिकबीच कानूनी सम्बन्ध स्थापित गर्ने महत्त्वपूर्ण लिखत हुन्। नागरिकतामा गरिने परिवर्तनले सम्बन्धित व्यक्तिलाई मात्र नभई निजसँग कानूनी सम्बन्ध भएका अन्य व्यक्तिका कामकारबाहीमा समेत प्रभाव पार्ने हुँदा विधायिकाले यसको प्राप्ति र समाप्तिमा विशेष सावधानी अपनाएको छ। यस्ता परिचयपत्रहरू पटक-पटक परिवर्तन गर्दा व्यक्ति स्वयंलाई हक उपभोग गर्ने क्रममा असहजता र अन्यौलता सिर्जना हुने भएकाले निवेदकले मागे बमोजिम आफूले रोजेको नाम र थरका आधारमा पुनः नागरिकता वा परिचयपत्र जारी गर्नुपर्ने अवस्था देखिँदैन। गृह मन्त्रालयको निर्णयका सम्बन्धमा सोही मन्त्रालयको लिखित जवाफबाट प्रष्ट हुने नै हुँदा, उल्लेखित आधार र कारणहरूबाट रिट निवेदन खारेज गरी पाउँ

भन्ने समेत व्यहोराको **प्रत्यर्थी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको तर्फबाट यस अदालतमा पेस भएको लिखित जवाफ।**

७. नेपाल सरकारका तोकिएका निकायहरूले प्रचलित कानूनको अधिनमा रही नागरिकताको प्रमाण पत्र जारी गर्ने व्यवस्था रहेको छ । साथै, स्थानीय तहहरूले जन्मदर्ता लगायतका पञ्जीकरण सम्बन्धी कार्यहरू गर्दै आइरहेका छन् । यस मन्त्रालयको जिम्मेवारी स्थानीय तहहरू सँग समन्वय, पत्राचार लगायतको भए तापनि नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहहरू आफ्नो कार्य सम्पादनमा स्वतन्त्र रहेका छन्। यसका साथै पञ्जीकरण सम्बन्धी कार्य जिम्मेवारी हाल नेपाल सरकार गृह मन्त्रालय अन्तर्गत रहेको छ । यसरी यस मन्त्रालयसँग प्रत्यक्ष सरोकार नभएको विषयलाई लिएर यस मन्त्रालयलाई विपक्षी बनाई दायर गरिएको रिट निवेदन यस मन्त्रालयको हकमा खारेजभागी छ, खारेज गरी पाउँ भनी **प्रत्यर्थी नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको तर्फबाट यस अदालतमा पेस भएको लिखित जवाफ ।**

८. प्रस्तुत रिट निवेदनमा यस मन्त्रालयको के-कस्तो कामकारबाहीबाट निवेदकको हक अधिकार हनन् भएको हो भन्ने वस्तुनिष्ठ आधार र कारण खुलाउन नसकेको हुँदा विपक्षी कायम गरिनु नै त्रुटिपूर्ण छ। नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम जन्म, मृत्यु जस्ता व्यक्तिगत घटना दर्ता गर्ने र नागरिकता जारी गर्ने विषय यस मन्त्रालयको कार्यक्षेत्रभित्र पर्दैन। प्रचलित नेपाल नागरिकता ऐन, २०६३ ले एकभन्दा बढी नागरिकता लिन नपाउने र सानातिना त्रुटि मात्र सच्याउन सकिने व्यवस्था गरेको सन्दर्भमा, निवेदकले पहिले नै 'नरबहादुर विश्वकर्मा' को नामबाट नागरिकता लिइसकेको देखिँदा पुनः आफूले रोजेको "स्वतन्त्र नाम" बाट नागरिकता पाउनुपर्ने निवेदकको दावी कानूनसम्मत छैन। यस मन्त्रालय बालअधिकार र मौलिक हकको संरक्षणमा प्रतिबद्ध रहेको र विद्यालयमा भर्ना हुँदा नाम वा थर उल्लेख गर्दैमा सम्मानपूर्वक बाँच्न पाउने हकमा आघात पुग्ने अवस्था रहँदैन। निवेदकले कुन विद्यालयमा कसरी जातीय भेदभाव भयो भन्ने स्पष्ट प्रमाण समेत पेश गर्न नसकेको र जातीय आधारमा भेदभाव गर्नेलाई प्रचलित कानूनले नै दण्डको व्यवस्था गरेको छ। अतः कुनै ठोस कानूनी आधार र प्रमाण विना दायर गरिएको र मन्त्रालयको कार्यक्षेत्रभन्दा बाहिरको विषयवस्तु समेटिएको प्रस्तुत रिट निवेदन खारेजभागी छ भन्ने समेत व्यहोराको **प्रत्यर्थी नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौंकोतर्फबाट यस अदालतमा पेस भएको लिखित जवाफ ।**

९. प्रस्तुत रिट निवेदनमा यस कार्यालयको के-कस्तो संलग्नता वा निर्णयबाट निवेदकको संवैधानिक एवं कानूनी हक हनन् भएको हो भन्ने स्पष्ट आधार र कारण खुलाउन नसकेको हुँदा प्रथम दृष्टिमा नै यो निवेदन खारेजभागी छ। नेपालको संविधानको धारा २४ ले छुवाछूत तथा भेदभाव विरुद्धको हकलाई मौलिक हकका रूपमा ग्यारेन्टी गरेको र धारा २५५ तथा २५६ बमोजिम गठित राष्ट्रिय दलित आयोगलाई दलित समुदायको पहिचान, नीतिगत सुधार र सूचीकृत

गर्ने संवैधानिक अधिकार सुम्पिएको अवस्थामा "दलित थर भएकोले अपमान भयो" भन्नु तर्कसंगत देखिँदैन। जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ बमोजिम अपमानजन्य कार्य विरुद्ध कानूनी उपचार पाउने मार्ग प्रशस्त हुँदाहुँदै जारी भइसकेको नागरिकताको विवरण पटक-पटक परिवर्तन गरिरहन मिल्दैन। निवेदकले आफ्नो "विश्वकर्मा" थरलाई अपमानजनक भन्नु आफैंमा जातीय विभेदपूर्ण र सो थरका अन्य नागरिक विरुद्ध कसूरजन्य दावी हो। कुनै ठोस तथ्य र आधार विना अस्वाभाविक रूपमा "जोर्ज" थर राखी पाउनु पर्ने माग गैरकानूनी, पूर्वाग्रहपूर्ण र मनोगत छ। साथै, संस्थाको नामबाट व्यक्तिको थर परिवर्तन वा नागरिकता संशोधनको माग गर्दै निवेदन दिने हकदैया (Locus Standi) सम्बन्धित संस्थालाई छैन। नागरिकता प्राप्ति र संशोधनको विषय संविधानको भाग-२ र नागरिकता ऐन, २०६३ को कार्यविधिगत प्रक्रियाबाट नियमित हुने हुँदा यसमा अदालतको असाधारण अधिकारक्षेत्र आकर्षित हुँदैन। व्यक्तिका चाहना र सामाजिक विषयहरू राज्यको आर्थिक-सामाजिक नीतिबाट सम्बोधन हुने तथ्यगत विषय (Question of Fact) भएकाले यस्तो चर्चाका लागि दायर गरिएको र हकदैयाविहीन निवेदन खारेज गरी पाउँ भनी **प्रत्यर्थी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट यस अदालतमा पेस भएको लिखित जवाफ ।**

**<u>यस अदालतको आदेश</u>**

१०. नियम बमोजिम पेसी सूचीमा चढी इजलास समक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनसहित मिसिल संलग्न कागजातको अध्ययन गरियो।

११. रिट निवेदकका तर्फबाट रहनु भएका विद्वान् वरिष्ठ अधिवक्ताद्वय श्री दिनेश त्रिपाठी र डा. श्री दिनमणि पोखरेल तथा विद्वान् अधिवक्ता श्री मोहन साशंकरले नेपालको संविधानको **धारा १६** ले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक सुनिश्चित गरेको छ। यो केवल एउटा अधिकार मात्र होइन, बरु अन्य सम्पूर्ण मौलिक हकहरूको जननी हो। यदि व्यक्तिको थर वा पहिचानले उसलाई समाजमा होच्याउने, अपमानित गर्ने वा भेदभाव निम्त्याउने कार्य गर्दछ भने, उसको सम्मानपूर्वक बाँच्न पाउने हकको ठाडो उल्लंघन हुन्छ। राज्यले नागरिकलाई उसको इच्छा विपरीत अपमानजनक पहिचान बोक्न बाध्य पार्नु भनेको उसको मानवीय गरिमा माथि प्रहार गर्नु हो। विपक्षी गृह मन्त्रालयको मिति २०७६।०३।०३ को निर्णयले औपचारिक समानताको कुरा गरे तापनि व्यवहारमा यसले संरचनागत विभेदलाई प्रश्रय दिएको छ। राज्यले विभेदमा परेका वर्गका लागि सकारात्मक कदम चाल्नुपर्छ। यदि कसैको थरले उसलाई विभेदको शिकार बनाउँछ भने, त्यो थर परिवर्तन गर्न नदिनु भनेको विभेदलाई संस्थागत गर्नु हो। संविधानको **धारा १८** ले भेदभाव विरुद्धको हक प्रदान गरेको छ। अपमानजनक थर कायम राख्न बाध्य पार्नु अप्रत्यक्ष भेदभाव (Indirect Discrimination) हो। नेपाल **जातीय भेदभाव उन्मूलन सम्बन्धी महासन्धि (ICERD)** को पक्ष राष्ट्र हो। महासन्धिको धारा २ र ५ ले राज्यलाई जातीय भेदभावका सबै स्वरूप निर्मूल पार्ने बाध्यकारी दायित्व सुम्पेको छ।

नेपालको कानुन र अन्तर्राष्ट्रिय सन्धि बाझिएमा सन्धिका प्रावधान नै लागू हुनेछन्। महासन्धिको General Recommendation No. 29 ले प्रष्ट भन्छ कि वंश (Descent) का आधारमा हुने विभेद रोक्न राज्यले विशेष कदम चाल्नुपर्छ। लोकतन्त्रमा व्यक्तिको पहिचान उसको निजी छनोटको विषय हो। व्यक्तिले आफ्नो नाम वा थर परिवर्तन गर्न पाउनु उसको नैसर्गिक अधिकार हो। राज्यले नागरिकलाई एउटा "लेभल" (Label) भित्र कैद गरेर राख्न मिल्दैन। बालबालिकालाई विद्यालयमा जात खुलाउन बाध्य पार्नुले उनीहरूमा हिनताग्रन्थि (Inferiority Complex) पैदा गर्छ। गृह मन्त्रालयको सचिवस्तरीय निर्णयले शक्तिको दुरुपयोग (Colorable exercise of power) गरेको छ। अपमानजनक थर वा पहिचान बोकेर बाँच्नु भनेको मानसिक कैदमा बस्नु सरह हो। अतः गृह मन्त्रालयको मिति २०७६।०३।०३ को निर्णय र सोसँग सम्बन्धित पत्रहरू उत्प्रेषणको आदेशद्वारा बदर गरियोस्। निवेदक र निवेदकका छोराछोरीको हकमा निजहरूले रोजेको नाम/थरका आधारमा नागरिकता र नाबालक परिचयपत्र जारी गर्न परमादेश जारी गरियोस्। विद्यालय भर्नामा जात खुलाउनुपर्ने बाध्यकारी व्यवस्था हटाई यसलाई ऐच्छिक बनाउन र जातीय भेदभाव निर्मूल गर्न प्रभावकारी उपाय अवलम्बन गर्न निर्देशनात्मक आदेश जारी गरियोस् भनी गर्नु भएको बहस सुनियो।

१२. त्यस्तै प्रत्यर्थीहरुको तर्फबाट रहनु भएका विद्वान् नायब महान्यायाधिवक्ता श्री संजीवराज रेग्मीले निवेदकले 'मानव जागरण अभियान-नेपाल' नामक संस्थाको महासचिवको हैसियतमा रिट दायर गर्नुभएको छ। नागरिकता व्यक्तिको पहिचान र राज्यसँगको कानूनी सम्बन्धको लिखत हो। संस्थाको हकहित बाहेक, व्यक्तिको थर परिवर्तन जस्तो नितान्त व्यक्तिगत विषयमा संस्थाको तर्फबाट रिट दिने हकदैया पुग्दैन। नागरिकता वा अन्य कागजातमा त्रुटी भए सच्याउने कार्यविधि नेपाल नागरिकता ऐन, २०६३ र नियमावलीमा स्पष्ट छ। कानूनी उपचारको नियमित मार्ग अवलम्बन नगरी सिधै असाधारण अधिकारक्षेत्र (रिट) मा प्रवेश गर्नु न्यायशास्त्रीय दृष्टिकोणले अनुचित छ। नागरिकता केवल एउटा प्रमाणपत्र मात्र होइन, यो व्यक्तिको शैक्षिक योग्यता, चल-अचल सम्पत्ति, फौजदारी अभिलेख र राज्यको सुरक्षा प्रणालीसँग जोडिएको स्थायी लिखत हो। यदि व्यक्तिलाई इच्छा लागेकै भरमा पटक-पटक थर वा पहिचान परिवर्तन गर्न दिने हो भने राज्यको प्रशासनिक र सुरक्षा अभिलेख (Database) अस्तव्यस्त हुन पुग्छ। यसले अपराधीहरूलाई पहिचान बदल्न र कानूनी कठघराबाट उम्किन मद्दत पुऱ्याउन सक्छ। "विश्वकर्मा" वा अन्य कुनै पनि थर आफैंमा अपमानजनक हुँदैनन्। यी सामाजिक र सांस्कृतिक पहिचानका आधार हुन्। निवेदकले आफ्नो थरलाई अपमानजनक भन्नु स्वयंमा ती थर भएका अन्य नागरिकहरूको भावना विपरीत र विभेदकारी हुन सक्छ। यदि कसैले जातीय आधारमा अपमान वा भेदभाव गरेमा जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ आकर्षित हुन्छ। थर नै बदल्नु समस्याको कानूनी समाधान होइन, भेदभाव गर्नेलाई कारबाही गर्नु वास्तविक उपचार हो। दलित वा अन्य समुदायको पहिचान र उत्थानका लागि संविधानले राष्ट्रिय दलित आयोगको व्यवस्था गरेको छ। थर सूचीकृत गर्ने वा नीतिगत सुधार गर्ने काम

विशेषज्ञ निकाय (आयोग) को हो, जुन प्रक्रियामा छ। कुन थर राख्न पाउने वा नपाउने भन्ने विषय सामाजिक र सांस्कृतिक नीतिसँग जोडिएको तथ्यगत प्रश्न (Question of Fact) हो। यस्ता नीतिगत विषयमा अदालतले न्यायिक सक्रियता देखाउनु भन्दा राज्यको नीतिगत निर्णयलाई नै मान्यता दिनु उचित हुन्छ। विद्यालयमा नाम र थर उल्लेख गर्नु पहिचानको एउटा पाटो मात्र हो, यसले भेदभावलाई प्रोत्साहन गर्दैन। अभिभावकको क्षणिक इच्छाका आधारमा नाबालकको थर परिवर्तन गर्दा भोलि ती बालबालिका वयस्क भएपछि उनीहरूको व्यक्तिगत छनोट र साविकको अभिलेखबीच द्वन्द्व सिर्जना हुन सक्छ। गृह मन्त्रालयको मिति २०७६।०३।०३ को निर्णय प्रचलित नेपाल नागरिकता ऐन, २०६३ र नियमावलीको परिधिभित्र रही गरिएको छ। नागरिकतामा रहेका विवरण जतिबेला इच्छा लाग्यो त्यतिबेला परिवर्तन गरिने विषय होइनन्। निवेदकले दावी गरे झैं कुनै पनि संवैधानिक वा कानूनी हकको उल्लंघन भएको देखिँदैन। अतः विना आधार र कारण नेपाल सरकारका विभिन्न मन्त्रालयहरूलाई विपक्षी बनाई दायर गरिएको, हकदैया विहीन र तथ्यहीन प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

१३. उपरोक्त रिट निवेदन व्यहोरा, प्रत्यर्थीहरुको लिखित जवाफ व्यहोरा लगायतका कागजात, दुवै तर्फबाट रहनु भएका विद्वान् कानून व्यवसायीहरुको बहस समेत सुनी मिसिल संलग्न कागजातहरुको अध्ययन गरी हेर्दा निवेदन माग बमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१४. निर्णय तर्फ विचार गर्दा, म निवेदकको नाम र थरको कारणले म जातीय भेदभाव, हिंसा एवं जातीय अपमानबाट गुज्रिरहेको अवस्था भएकोले नामको पछाडि थर झुण्ड्याउनु पर्ने बाध्यात्मक व्यवस्थाबाट मेरो सम्मानजनक बाँच्न पाउने अधिकारको हनन हुन गएको छ । मैले आफूले रोजेको स्वतन्त्र नाम, थरमा पुनः नागरिकता जारी गरी पाउन तथा नाबालक छोरा छोरीको जातीय पहिचान नखुल्ने गरी नावालक परिचय पत्र उपलब्ध गराई पाउन जिल्ला प्रशासन कार्यालय रुपन्देहीमा निवेदन दिएको भए तापनि म र मेरी श्रीमतीको नामथर परिवर्तन गरी मेरा नाबालक छोरा र छोरीको नाममा नाबालक परिचयपत्र जारी गर्न नमिल्ने भनी गृह मन्त्रालयबाट मिति २०७६।०३।०३ मा भएको सचिव स्तरीय निर्णय र सोही बमोजिम मिति २०७६।०३।०४ मा गरिएको पत्राचारले जुनसुकै नाम वा थरले आफूलाई परिचित गराउन पाउने व्यक्तिगत स्वतन्त्रताको विपरीत संविधानको धारा १६ र १८ द्वारा प्रदत्त मौलिक हक हनन् भएकाले गृह मन्त्रालयको उक्त निर्णय उत्प्रेषणको आदेशले बदर गरी म निवेदकलाई आफूले रोजेको नाम, थर वा सरनेमबाट पुनः नागरिकता जारी गर्नु एवं मेरा छोरा छोरीहरूलाई निजहरुले रोजेको नाम थरको आधारमा नाबालक परिचय पत्र जारी गर्नु गराउनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी गरी पाउँ भन्ने समेत व्यहोराको निवेदन दावी रहेको देखिन्छ।

१५. नागरिकता प्रमाणपत्र र नाबालक परिचयपत्र व्यक्तिको वैधानिक एवं स्थायी प्रकृतिको परिचय हुनुका साथै राज्य र नागरिकबीच कानूनी सम्बन्ध स्थापित गर्ने महत्वपूर्ण लिखत हो। यसकै आधारमा व्यक्तिको आपराधिक क्रियाकलाप लगायतका महत्वपूर्ण अभिलेखहरू तयार पारिने हुँदा, सानातिना प्राविधिक त्रुटि बाहेक वस्तुनिष्ठ आधार र प्रमाण विना पटक-पटक विवरण परिवर्तन गर्दा सार्वजनिक व्यवस्था र कानूनी निश्चितता (Legal Certainty) मा गम्भीर अन्यौलता एवं अस्थिरता सिर्जना हुने भएकोले निवेदकको माग बमोजिमको आदेश जारी हुनु पर्ने होइन। साथै नेपालको संविधान र कानूनले जातीय भेदभाव र छुवाछूतलाई पूर्णतः निषेध गरी दण्डनीय बनाएको र दलित समुदायको हक-हित संरक्षणका लागि संवैधानिक आयोगको व्यवस्था समेत भइसकेको अवस्थामा 'विश्वकर्मा' थर हुनुलाई नै अपमानित भएको मान्नुपर्ने कुनै आधार नदेखिएको र प्रचलित नेपाल नागरिकता ऐन तथा नियमावलीमा 'नरबहादुर' जस्तो सामान्य नाम परिवर्तन गरी 'जोर्ज' जस्तो नितान्त नयाँ र स्वतन्त्र नाम राख्न पाउने कुनै मौजुदा कानूनी व्यवस्था नभएकोले, कुन निकायको के कस्तो निर्णयबाट निवेदकको कुन संवैधानिक हक हनन् भएको हो भन्ने कुरा स्पष्ट खुलाउन नसकी, हकदैया विहीन संस्थाको तर्फबाट निहित उद्देश्यका लागि दायर गरिएको रिट निवेदन खारेज गरी पाऊँ भन्ने प्रत्यर्थीहरुको लिखित जवाफ रहेको देखिन्छ।

१६. रिट निवेदकले नाम र थर अपमानित गर्ने भएकोले परिवर्तनको माग दावी लिई आएको सम्बन्धमा हेर्दा प्रस्तुत विवादको चुरो व्यक्तिको पहिचान, आत्म-सम्मान र राज्यको अभिलेख व्यवस्थापनबीचको सन्तुलनसँग जोडिएको छ। यस सम्बन्धमा नेपालको संविधानको **धारा १६(१) ले "प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ"** भनी सुनिश्चित गरेको, धारा १७ (१) ले **"कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन"** भनी स्वतन्त्रताको हकलाई सुनिश्चित गरेको, **धारा १८(२)** ले **"सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन"** भनी सुनिश्चित गरेको, **धारा १८(३)** ले **"राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन"** भनी सुनिश्चित गरेको र **धारा ३९(१)** ले **"प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ"** भनी सुनिश्चित गरेको पाईन्छ। उपरोक्त संवैधानिक प्रावधानहरूको आलोकमा हेर्दा, **धारा १६(१)** ले प्रत्याभूत गरेको 'सम्मानपूर्वक बाँच्न पाउने हक' केवल जैविक अस्तित्व (Biological Existence) को निरन्तरता मात्र नभई यो हकले व्यक्तिको आत्म-सम्मान (Dignity), व्यक्तिगत गरिमा र सामाजिक प्रतिष्ठालाई आफ्नो अभिन्न अङ्ग मानी विभेद बिना बाच्न पाउने हक सुनिश्चित गरेको छ। न्यायशास्त्रीय दृष्टिकोणबाट मर्यादा कुनै विशेष गुण वा प्रयासबाट आर्जन गरिने (earned) विषय नभई मानिस हुनुको नाताले प्राप्त हुने एक नैसर्गिक र अहरणीय (innate) मूल्य हो।

व्यक्तिको आत्म-सम्मानको संरक्षण नगर्ने हो भने वैयक्तिक स्वतन्त्रताको वास्तविक सुनिश्चितता गर्न राज्य र न्यायप्रणाली असफल भएको ठहरिन्छ। न्यायपालिकाको मूल जिम्मेवारी केवल औपचारिकतामा सम्मान गर्ने भन्दा पनि नागरिकको अन्तर्निहित आत्म-सम्मानको पहिचान र संरक्षण गर्ने नै हो। कुनै पनि प्रकारको विभेद र अपमान (Humiliation) बाट संरक्षण प्रदान गर्दै व्यक्तिको स्व-निर्णयको अधिकारलाई सम्मान गर्ने वातावरण निर्माण गर्नु नै न्यायको वास्तविक सुनिश्चितता हो।

१७. व्यक्तिको नाम र थर निजको पहिचानको प्राथमिक माध्यम हो। यदि कुनै नाम र थरले मानवीय मर्यादा वा आत्म-सम्मान (Human Dignity) विपरित समाजमा ऐतिहासिक रूपमा "तल्लो" वा "अपमानजनक" अर्थ बोक्छ र त्यसकै कारण व्यक्तिले मानसिक सास्ती वा सामाजिक विभेद, अपमान वा "अपहेलित महसुस गराउँछ भने, त्यो व्यक्तिको आत्म-सम्मान विरुद्धको कार्य मात्र नभई भोग्नुपर्छ भने, त्यस्तो नाम र थर बोक्न बाध्य पार्नु धारा १६ द्वारा प्रदत्त मौलिक हकको हनन् भएको मान्नु पर्ने हुन्छ। नेपालको संविधानको धारा १६ ले प्रत्याभूत गरेको 'सम्मानपूर्वक बाँच्न पाउने हक' को सारतत्व केवल भौतिक अस्तित्वको रक्षामा मात्र सीमित छैन; यसको वास्तविक अर्थ व्यक्तिको मानसिक शान्ति र आत्म-गौरवको रक्षासँग जोडिएको छ। यदि कुनै व्यक्तिलाई ऐतिहासिक रूपमा उत्पीडन, अपमान र तिरस्कार बोकेको 'थर' वा पहिचान नै बोकिरहदा अपमान र विभेदिकरणको शिकार भएको छ भने त्यसले व्यक्तिको मानसिक स्वतन्त्रतालाई खुम्च्याउँछ। आत्म-सम्मानको अभावमा वैयक्तिक स्वतन्त्रता (Individual Liberty) केवल एउटा खोक्रो कानूनी शब्दमा मात्र सीमित हुन पुग्छ। तसर्थ, आत्म-सम्मानको संरक्षण गर्नु भनेकै वास्तवमा लोकतान्त्रिक प्रणालीभित्र वैयक्तिक स्वतन्त्रताको वास्तविक सुनिश्चितता हुन जान्छ।

१८. व्यक्तिको नाम र थर निजको पहिचानको आधारभूत आधार हुन्। नेपालको संविधानको धारा ३९(१) ले बालबालिकालाई आफ्नो 'पहिचान सहित' नामकरणको हक प्रदान गर्नुको अर्थ व्यक्तिको पहिचान उसको निजी छनोट र आत्म-निर्णय (Self-determination) को विषय हो भन्ने नै हो। नेपाली समाजको परम्परागत जातीय सोपानतन्त्रले कतिपय थरहरूलाई भेदभाव र बहिष्करणको 'लेबल' (Label) बनाइदिएको ऐतिहासिक कटु सत्यलाई नकार्न सकिँदैन। जब राज्यको प्रशासनिक संयन्त्रले नागरिकलाई त्यही थर बोकिरहन अनिवार्य गर्छ, जसले उसलाई समाजमा सधैं "विभेदित वर्ग" को रूपमा चिनाइरहन्छ, तब व्यक्तिको छनोटको स्वतन्त्रता कुण्ठित हुन्छ। आत्म-सम्मानको संरक्षण नगर्ने हो भने वैयक्तिक स्वतन्त्रताको सुनिश्चितता गर्न राज्य असफल भएको ठहरिन्छ। धारा १८ ले सुनिश्चित गरेको विभेद विरुद्धको हकभित्र कुनै पनि आधारमा विभेद रोक्नुपर्दछ। चाहे त्यो व्यक्तिको नाम वा पारिवारिक नाम नै किन नहोस्। समानताको हक केवल 'औपचारिक समानता' (Formal Equality) मा मात्र सीमित छैन। यसले 'सारभूत समानता' (Substantive Equality) को माग गर्दछ। यदि कुनै नागरिकको साविकको थरले उसलाई समाजमा अपमानित र दोस्रो दर्जाको महसुस गराउँछ भने, त्यस्तो

अपमानजनक पहिचानलाई त्यागी सम्मानजनक थर ग्रहण गर्न दिनु राज्यको सकारात्मक र सुधारात्मक (Correctional) दायित्व हुन आउँछ।

१९. व्यक्तिको कानूनी पहिचानमा 'नाम' (First Name) र 'थर' (Surname) ले फरक-फरक कार्य र दायित्व बोकेका हुन्छन्। 'नाम' व्यक्तिको विशिष्टीकृत पहिचान (Individual Identity) हो, जसले निजलाई समाज र परिवारका अन्य सदस्यहरूबाट अलग्याउँछ। अर्कोतर्फ, 'थर' ले व्यक्तिको समूहगत वा पारिवारिक/वंशानुगत पहिचान (Collective or Lineal or Family Identity) लाई जनाउँछ। नेपाली समाजको संरचना परम्परागत जातीय सोपानतन्त्रमा आधारित छ, जहाँ कतिपय थरहरूले व्यक्तिको पुख्यौंली पेसा वा जातको सङ्केत गर्दछन्। 'विश्वकर्मा' जस्ता थरहरूले दलित समुदायको प्रतिनिधित्व गर्ने र ऐतिहासिक रूपमा यो समुदाय छुवाछुत र संरचनागत विभेदको शिकार भएको तथ्यलाई नकार्न सकिँदैन। जब राज्यले नागरिकतामा त्यही थर उल्लेख गर्न अनिवार्य गर्छ, जसले व्यक्तिलाई समाजमा सधैं "विभेदित वर्ग" को रूपमा चिनाइरहन्छ, तब व्यक्तिको छनोटको स्वतन्त्रता कुण्ठित हुन्छ। थर केवल परिवार चिनाउने माध्यम मात्र नभएर यो व्यक्तिको मानसिक शान्ति र आत्म-पहिचान (Self-identity) सँग जोडिएको विषय हो। पहिचान (Identity) व्यक्तिको व्यक्तित्व विकासको आधारशीला हो। आफूलाई समाजमा कुन रूपमा चिनाउने भन्ने कुरा व्यक्तिको नितान्त व्यक्तिगत छनोट र स्व-निर्णय (Self-determination) को विषय हो। जब कुनै सामाजिक संरचना वा कानूनी व्यवस्थाले व्यक्तिको पहिचानलाई विभेदजन्य 'जातीय लेभल' (Caste Label) भित्र कैद गर्दछ, त्यसले व्यक्तिको सिर्जनशीलता र सामाजिक गतिशीलतालाई कुण्ठित पार्दछ। न्यायपालिकाको प्राथमिक जिम्मेवारी केवल कानुनको शाब्दिक व्याख्या गर्नु मात्र नभई, नागरिकको आत्म-सम्मान र पहिचानको रक्षा गर्ने वातावरण निर्माण गर्नु पनि हो। व्यक्तिको नाम र थरले निजलाई अपमान (Humiliation) को महसुस गराउँछ भने त्यसलाई परिवर्तन गर्न दिनु राज्यको उदारता नभई नागरिकको मौलिक हकप्रतिको संवैधानिक दायित्व हो।

२०. महिला विरुद्ध सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धीको धारा १६ को उपधारा (१)(छ) मा " पारिवारिक नाम, पेशा र व्यवसाय छनौट गर्ने अधिकार लगायत पति र पत्नीको समान व्यक्तिगत अधिकारहरु (The same personal rights as husband and wife, including the right to choose a family name, a profession and an occupation) को सुनिश्चितता गरेको छ। त्यसैगरी नेपाल पक्ष रहेको ICCPR को धारा १६ ले Everyone shall have the right to recognition everywhere as a person before law, धारा १७ (१) ले No one shall be subjected to arbitrary or unlawful interference with his privacy, family, home or correspondence, nor to unlawful attacks on his honour and reputation, धारा २४(२) ले Every child shall be registered immediately after birth and shall have a name भनी हरेक बालबालिकाको जन्म पछि उसको नाम र पहिचानको सुनिश्चितता गरेको पाइन्छ। राज्यले **'Formal Equality'** (औपचारिक समानता) को संकुचित घेराभन्दा माथि उठी **'Substantive**

**Equality'** (सारभूत समानता) सुनिश्चित गर्नका लागि नागरिकलाई आफ्नो अपमानजनक पहिचान त्यागेर नयाँ र सम्मानजनक थर ग्रहण गर्ने अवसर प्रदान गर्नु राज्यको दायित्व हो। **International Convention on the Elimination of all Forms of Racial Discrimination (ICERD)** को **Article 2 को (1)(a)** ले राज्यलाई *"to engage in no act or practice of racial discrimination by any person or organization"* र **Article 5** ले *"to prohibit and to eliminate racial discrimination in all its forms and to guarantee the right of everyone, without distinction as to race, colour or national or ethnic origin, to equality before law"* भन्दै सकारात्मक र निषेधात्मक दुवै दायित्व सुम्पेको छ। विशेष गरी, जातीय भेदभाव उन्मूलन सम्बन्धी समिति (ICERD) द्वारा जारी **'General Recommendation No. २९ को Part 1 (f)** ले वंशका आधारमा हुने विभेदलाई सम्बोधन गर्दै *"To take special measures in favour of descent-based groups and communities in order to ensure their enjoyment of human rights and fundamental freedoms, in particular concerning access to public functions and employment and education"* भनी राज्यलाई **'Special Measures'** लिन निर्देशित गरेको छ। साथै, उक्त सिफारिशले राज्यलाई जाति वा वंशका आधारमा हुने **'Stigmatization'** (कलङ्कीकरण) विरुद्ध सक्रिय हुन र **"to take steps to identify those descent-based communities who suffer from discrimination"** भनी सचेत गराएको छ। नेपाली समाजमा 'थर' ले अक्सर व्यक्तिको सामाजिक सोपान र 'अछूत' भनिएको इतिहासलाई प्रतिविम्बित गर्ने हुँदा, यस्तो थर परिवर्तनको मागलाई केवल प्राविधिक त्रुटि सच्याउने विषयका रूपमा मात्र हेरिनु हुँदैन। यो त शताब्दीयौंदेखि लादिएको संरचनागत विभेदको 'कलङ्क' (Stigma) बाट मुक्त हुने र आफ्नो मानवीय गरिमा पुनर्स्थापित गर्ने गम्भीर संवैधानिक विषय हो। यस्तो अवस्थामा राज्यले 'औपचारिक समानता' को आवरणमा विभेदजन्य थर परिवर्तन गर्न नदिनु भनेको विभेद बहिष्करण र प्रतिबन्धको निरन्तरता दिई संवैधानिक संकल्प र अन्तर्राष्ट्रिय मानव अधिकार कानुनप्रतिको प्रतिबद्धताबाट विमुख हुनु हो।

२१. राज्यले नागरिकको अभिलेख राख्नुको मुख्य उद्देश्य कानूनी निश्चितता कायम गर्नु हो। व्यक्तिको 'नाम' परिवर्तन गर्दा साविकमा सोही नामबाट जारी भएका शैक्षिक प्रमाणपत्र, जग्गाधनी प्रमाणपूर्जा, राहदानी, र विशेषगरी फौजदारी अभिलेखमा गम्भीर अन्यौलता सिर्जना हुन सक्छ। यदि कुनै व्यक्तिले विना वस्तुनिष्ठ आधार आफ्नो 'नाम' नै पूर्ण रूपमा बदलेर नयाँ नाम (जस्तैः रामबहादुरबाट 'बिलियम') राख्छ भने, त्यसले साविकको व्यक्ति र नयाँ व्यक्तिबीचको (Legal Link) टुटाउन सक्छ। यसबाट कानूनी दायित्वबाट उम्किन चाहने वा छद्म पहिचान बनाउन चाहने प्रवृत्तिलाई बल पुग्न सक्ने जोखिम रहन्छ। तसर्थ, 'नाम' ले व्यक्तिलाई कानुनको दृष्टिमा "चिनिने आधार" दिन्छ भने 'थर' ले समाजको दृष्टिमा "बाँच्ने आधार" (सम्मान) दिन्छ।

२२. नेपाल नागरिकता ऐन, २०६३ को दफा १७ ले "त्रुटि सच्याउने" अधिकार दिएको छ। यसलाई संकुचित अर्थमा मात्र नभई मानव अधिकार र संवैधानिक अधिकारको विस्तार गर्ने माध्यमको रूपमा पनि व्याख्या गरिनुपर्छ। यदि कसैको थरले निजलाई सधैं अपमानित गर्छ

भने त्यो पहिचान कायम राख्नु एक प्रकारको कानूनी त्रुटि हो। कानुनको अक्षर भन्दा कानुनको मर्म महत्वपूर्ण हुन्छ। अपमानजनक थरलाई सम्मानजनक शब्दमा बदल्न पाउनुलाई "विवरण सच्याउने" प्रक्रियाकै एउटा उन्नत रूप मानिनुपर्छ। नेपाल नागरिकता नियमावली, २०६३ को नियम १६ ले नागरिकताको प्रमाणपत्रमा रहेको नाम, थर, उमेर लगायतका विवरणहरू सच्याउन चाहने व्यक्तिले आवश्यक प्रमाणसहित निवेदन दिन सक्ने व्यवस्था गरेको छ । विपक्षीहरूको लिखित जवाफमा "एक पटक नागरिकता लिइसकेपछि स्वतन्त्र नाम वा थर राख्न मिल्ने मौजुदा कानूनी व्यवस्था छैन" भनी जिकिर लिए पनि नियम १६ ले विवरण सच्याउने बाटो पूर्णतः बन्द गरेको छैन, बरु त्यसका लागि "मनासिव आधार र प्रमाण" खोजेको छ । **यदि साविकको नाम थरले व्यक्तिको सामाजिक र मानसिक जीवनमा गम्भीर विभेदजन्य नकारात्मक असर पारेको छ भने, त्यस्तो अवस्थालाई नै "संशोधनका लागि मनासिव आधार" मान्नुपर्ने हुन्छ । सामान्यतया 'त्रुटि' भन्नाले लेखाइमा भएको गल्ती बुझिन्छ । तर, संवैधानिक कानुनको दृष्टिमा, यदि कुनै कानूनी लिखतले नागरिकको मौलिक हकको उल्लंघन गर्छ भने त्यो आफैँमा एउटा "संवैधानिक र कानूनी त्रुटि" हुन जान्छ । अपमानजनक थरलाई सम्मानजनक शब्दमा बदल्न पाउनुलाई "विवरण सच्याउने" प्राविधिक प्रक्रिया मात्र नभई 'संवैधानिक त्रुटि' सच्याउने र मानवीय गरिमा पुनर्स्थापित गर्ने प्रक्रियाका रूपमा बुझिनुपर्छ।**

२३. प्रस्तुत विवादमा निवेदकले साविकको 'विश्वकर्मा' थर हटाई सम्मानजनक थर राख्न पाउने माग संवैधानिक रूपमा न्यायसंगत देखिन्छ। अब जहाँसम्म साविकको 'नरबहादुर' नाम नै हटाएर 'जोर्ज' राख्न पाउने मागले कानूनी निश्चितताको सिद्धान्त (Principle of Legal Certainty) लाई उल्लंघन गर्ने देखिन्छ। **नाम र थर परिवर्तनका यी दुई मागलाई पृथकीकरणको सिद्धान्त अनुसार अलग गरी हेर्नुपर्ने हुन्छ। प्रत्यक्ष घृणित र अपमानजनक शब्द नभएसम्म, केवल इच्छा कै भरमा जन्मदर्ता नागरिकतामा भइरहेको नाम जसले सम्पूर्ण प्रकृयाबाट पहिचान र वैधानिकता प्राप्त गरेको सो परिवर्तन गर्न मिल्ने देखिँदैन। विभेदजन्य थर परिवर्तन गर्दा साविकको पहिचानको 'आधारभूत ढाँचा' सुरक्षित रहने र व्यक्तिलाई सम्मानित महसुश गराउने हुनाले यसलाई लचिलो रूपमा ग्रहण गर्न सकिन्छ, तर अपमान र बिभेदजन्य नाम नभएको अवस्थामा नाम परिवर्तनले व्यक्तिको "मूल पहिचान" नै विस्थापित गर्ने हुँदा यसलाई अधिकारको रूपमा स्वतः दाबी गर्न मिल्ने देखिंदैन।**

२४. प्रस्तुत विवादमा 'नाम' परिवर्तनको मागदाबीलाई अस्विकार गरिरहँदा, राज्यले केही विशेष र असाधारण अवस्थामा 'नाम' परिवर्तनलाई स्वीकार गरेको तथ्यलाई पनि बिर्सन मिल्दैन। गृह मन्त्रालयले मिति २०७९।०४।२३ मा जारी गरेको **"विभिन्न जिल्लाहरुबाट जारी भएका नेपाली नागरिकताका प्रमाणपत्र जारी गर्दा अपमानजनक शब्द राखी जारी भएको सम्बन्धमा प्रकाशित समाचार, सूचना तथा जानकारीहरु प्रति यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको हुँदा १. अपमानजनक शब्द प्रयोग गरी नागरिकतामा व्यक्तिको नाम र थर जनिने गरी नागरिकता प्रमाणपत्र जारी नगर्ने,२. त्यसरी अपमानजनक शब्द प्रयोग गरी जारी भएका**

**नागरिकता प्रमाणपत्रमा सम्बन्धित व्यक्तिले सच्याउन माग गरेमा आवश्यक प्रक्रिया पूरा गरी सच्याउने व्यवस्था मिलाउने"** भन्ने ब्यहोराको परिपत्रले एउटा महत्वपूर्ण न्यायिक मार्गप्रशस्त गरेको छ। यदि नागरिकता प्रमाणपत्रमा भएको नाममा प्रयोग भएको शब्द आफैंमा अपमानजनक (Inherently Derogatory) छ र त्यसले व्यक्तिको मानवीय गरिमालाई नै धज्जी उडाउँछ भने, त्यस्तो नाम सच्याउन पाउनु निजको नैसर्गिक अधिकार ठहरिन्छ। तर, निवेदक को साविकको नाम 'नरबहादुर' आफैंमा कुनै अपमानजनक वा घृणित शब्द नभएको र केवल इच्छाको भरमा 'जोर्ज' जस्तो नितान्त नयाँ पहिचान माग गर्दा त्यसले आज सम्मको पहिचान र कानूनी निश्चिततामा खलल पुऱ्याउने देखिन्छ। नाम परिवर्तनको हकमा "अपमानजनक शब्द" र "सामान्य शब्द" बीचको भिन्नतालाई राज्यले वस्तुनिष्ठ आधारमा वर्गीकरण गरी सम्बोधन गरिरहेको नै देखिन्छ। तर रिट निवेदकको नाम हेर्दा कुनै अपमानजनक र बिभेदजन्य शब्द रहेको देखिन आउँदैन।

२५. नामको तुलनामा "थर" परिवर्तनको विषय नेपालको सन्दर्भमा बढी संवैधानिक र मानव अधिकारमुखी छ। **"थर" परिवर्तनले व्यक्तिको व्यक्तिगत पहिचान (Individual identity) लाई पूर्ण रूपमा मेटाउँदैन, किनकि निजको नाम र बाबु/आमाको विवरण यथावत रहन्छन्। नेपाली समाजमा कतिपय थरहरू ऐतिहासिक उत्पीडन र भेदभावको प्रतीकका रूपमा रहेका छन्। यस्तो अवस्थामा 'थर' परिवर्तन गर्नु भनेको कानूनी पहिचान लुकाउनु नभई 'अपमानजनक पहिचान' लाई 'सम्मानजनक पहिचान' मा रूपान्तरण गर्नु हो। कुनै नागरिकको साविकको 'थर' ले निजलाई समाजमा सधैं अपमानित, अपहेलित वा दोस्रो दर्जाको नागरिकको रूपमा चित्रण गर्छ र त्यसले निजको व्यक्तित्व विकासमा अवरोध सिर्जना गर्छ भने, त्यस्तो थर परिवर्तन गर्न पाउने वा थर छनौट गर्न पाउने निजको नैसर्गिक र मौलिक अधिकार हो।** राज्यको प्रशासनिक सुविधा (Administrative Convenience) भन्दा नागरिकको संवैधानिक गरिमा (Constitutional Dignity) सधैं माथि रहन्छ। "कुनै पनि नागरिकको नागरिकतामा रहेको 'थर' ले निजको मानवीय प्रतिष्ठामा चोट पुऱ्याउने, जातीय भेदभाव निम्त्याउने वा आत्मसम्मानमा आघात पुऱ्याउने देखिएमा, त्यस्तो अपमानजनक थर परिवर्तन गरी व्यक्तिले रोजेको सम्मानजनक शब्द जनाउने थर जात राख्न पाउनु निजको संवैधानिक हक रहेको कुरालाई अस्विकार गर्नु न्यायको मर्म विपरित हुन्छ।

२६. न्यायको सुनिश्चितता भनेको अदालतको ढोका खुल्ला हुनु मात्र होइन, बरु नागरिकलाई समाजमा शिर ठाडो पारेर बाँच्न सक्ने परिवेशको ग्यारेन्टी गर्नु पनि हो। कुनै पनि प्रकारको अपमान (Humiliation) र तिरस्कारबाट संरक्षण पाउनु नागरिकको आधारभूत हक हो। यदि राज्यको प्रशासनिक संयन्त्रले नागरिकको विभेदजन्य थर छनोटको मागलाई प्रशासनिक जटिलताको नाममा इन्कार गर्दछ भने, त्यसले नागरिक र राज्यबीचको सामाजिक सम्झौतालाई कमजोर बनाउँछ। तसर्थ, व्यक्तिको आत्म-सम्मानलाई चोट पुग्ने खालका भेदभावजन्य जात थरहरुका कारण भोग्नुपरेको भेदभाव र पिडाबाट मुक्त पार्न मानव अधिकारमुखी दृष्टिकोणबाट

त्यस्ता थर र जात सच्याउनु नै न्याय र संवैधानिक मर्यादा (Constitutional Dignity) को असली मर्म हुन जान्छ। नागरिकलाई उसको इच्छा विपरीत अपमानजनक पहिचान जनाउने जात र थर बोक्न बाध्य पार्नु आधुनिक न्यायशास्त्र र मानव अधिकारको सिद्धान्त विपरीत हुन जाने हुँदा यी रिट निवेदकले बिश्वकर्मा थरका कारण समाजमा अपमानित, अपहेलित, विभेदजन्य व्यवहार र भेदभाव भोग्नु पर्ने देखियो। न्यायको सुनिश्चितता त्यतिबेला मात्र हुन्छ, जब राज्यले नागरिकलाई अपमान (Humiliation) बाट रोक्ने र स्व-निर्णयको सम्मान गर्ने वातावरण निर्माण गर्दछ। नागरिकलाई मानसिक कैद र सामाजिक तिरस्कारको प्रतीक बनेको थर बोक्न बाध्य पार्नु आधुनिक न्यायशास्त्र र मानव अधिकारका सिद्धान्तहरूको विपरीत हुन जान्छ। निवेदकको थरले निवेदकलाई समाजमा सधैं अपमानित महसुस गराएको छ वा जातीय आधारमा गरिने भेदभावको प्रतीक (Stigma) बनाएको छ भने निवेदकको सम्मानजनक थर सम्म परिवर्तनको मागदावीलाई अस्वीकार गर्न सकिने अवस्थाको विद्यमानता नदेखिंदा निवेदकको थर परिवर्तन गर्न गराउन आदेश जारी गर्नु पर्ने देखिन आयो।

२७. अतः माथी विवेचित आधार कारण समेतबाट निवेदकको हकमा गृह मन्त्रालयबाट मिति २०७६।०३।०३ मा भएको सचिवस्तरीय निर्णय र सोही आधारमा गरिएका पत्राचारहरू, जसले निवेदकको अपमानजनक वा भेदभावजन्य महसुस हुने थर परिवर्तन गर्न समेत रोक लगाएको छ, **सो हदसम्म** उत्प्रेषणको आदेशले बदर गरिएको छ। अब, निवेदकले आफ्नो साविकको थर मात्र परिवर्तन गरी आफूले रोजेको सम्मानजनक थर मात्र कायम गर्न चाहेमा नेपाल नागरिकता ऐन, २०६३ र नेपाल नागरिकता नियमावली, २०६३ को प्रक्रिया पूरा गरी निजको पत्नी र निजका नाबालक छोराछोरीको समेत नागरिकता तथा नाबालक परिचयपत्रमा निवेदकले रोजेको संशोधित थर कायम गरिदिनू भनी परमादेशको आदेश जारी गरिदिएको छ। निवेदकको नाम 'नरबहादुर' परिवर्तन गरी पाउँ भन्ने निवेदन मागदावीको हद सम्ममा प्रस्तुत निवेदन खारेज हुने ठहर्छ। साथै, कुनै पनि नेपाली नागरिकले आफ्नो थर अपमानजनक लागेमा वा अन्य कुनै वैध कारणले थर परिवर्तन गर्न चाहेमा त्यस्तो विषयलाई सम्बोधन गर्न आवश्यक स्पष्ट मापदण्ड, वस्तुनिष्ठ आधार र कार्यविधि सहितको निर्देशिका निर्माण गरी देशैभर कार्यान्वयनमा ल्याउनु भनी यो आदेश जारी गरिएको छ।

२८. प्रस्तुत मुद्दाको फैसलाको पूर्णपाठ तयार नहुँदै यस अदालतमा मिति २०८२।०५।२४ मा भएको आगजनी, ढुङ्गामुडा, तोडफोड र लुटपाटसमेतका कारण मिसिल नष्ट भएको हुँदा सुनुवाईको बखत इजलासबाट मिसिल अध्ययन भई माननीय न्यायाधीशहरुले गर्नु भएको टिपोट, मुद्दा व्यवस्थापन प्रणालीमार्फत निकालिएको मुद्दाको स्थिति (Status) तथा कम्प्युटरमा सुरक्षित रहेको टिपोटका आधारमा विशेष परिस्थितिका कारण नष्ट भएका मिसिल कागजातको प्राप्ति र प्रमाणीकरण सम्बन्धी निर्देशिका, २०८२ को दफा ११ समेत बमोजिम प्रस्तुत आदेश तयार गरिएको छ।

२९. यो आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालय मार्फत प्रत्यर्थीहरुलाई दिनु। प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी आदेशको विद्युतीय प्रति मुद्दा व्यवस्थापन प्रणालीमा अपलोड गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

सपना प्रधान मल्ल
न्यायाधीश

उक्त रायमा सहमत छु ।

टेकप्रसाद ढुङ्गाना
न्यायाधीश

इजलास अधिकृत:- हिरामाया अवाल
कम्प्युटर अपरेटरः- सुमोद दाहाल
इति सम्वत् २०८२ साल साउन २७ गते रोज ३ शुभम् ---------------------------।

<u>द्रष्टव्य</u> : प्रस्तुत आदेशको पूर्ण पाठ तयार नहुँदै मिति २०८२।०५।२४ गते यस अदालतमा भएको आगजनी, तोडफोड र लुटपाटका कारण सक्कल मिसिल जली नष्ट भएको हुँदा सुनुवाईको बखत इजलासबाट मिसिल अध्ययन भई माननीय न्यायाधीशहरुले गर्नु भएको टिपोट तथा मुद्दा व्यवस्थापन प्रणालीमार्फत निकालिएको मुद्दाको स्थिति (Status) समेतका आधारमा यो आदेश तयार गरिएको छ।